# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०६।०७ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

----------------------------------------------

श्री जुद्ध माध्यामिक विद्यालय, गौर, रौतहटमा कार्यरत प्रा.वि शिक्षक(लेखा हेर्ने) प्रमोदकुमार ठाकुरले विद्यालय भवन निर्माण कार्य सम्पन्न गरेपछि भुक्तानी दिने प्रयोजनका लागि निर्माण व्यावसायीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट खटिइ गएको टोलीले निजलाई रु.४५,०००।-(पैंतालीस हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.४५,०००।-(पैंतालीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता